मिति : २०७३ फागुन २ गते

**सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डज्यू**

सम्माननीय प्रधानमन्त्रीको कार्यालय

सिंहदरबार

बिषय : रंगशाला निर्माण तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी हुन आवश्यक आर्थिक सहयोग गरी दिने सम्बन्धमा ।

**सम्माननीय प्रधानमन्त्रीज्यू**

अखिल नेपाल फुटबल संघ(एन्फा) नेपालको फुटबल खेलको सर्वोच्च निकाय हो । एन्फाले आफ्नो स्थापना काल देखि नै फुटबल खेलको बिकास र बिस्तार गर्न बिभिन्न फुटबलका कार्यक्रमहरू संचालन गर्दै  र सहभागी हुंदै आएकोछ । राष्ट्रिय खेलकुद परिषदको दशरथ रंगशालाको एउटा सानो कोठाबाट फुटबल खेलको गतिबिधिहरूलाई संचालन गर्दै आएको यस संघले फुटबल खेलको बिकास र बिस्तार गर्दै संघले हाल आफ्नै कार्यालय भवन तथा आधारभूत तहदेखि फुटबल खेलको बिकास गर्न फुटबल एकेडेमीको स्थापना गर्दै टेक्निकल सेन्टर र ऐकेडेमीहरू संचालन गर्दै आएकोछ । संघले देशको भौतिक अवस्थालाई मध्येनजर राख्दै देशको ७५वटा जिल्लाहरूमा जिल्ला संघहरूको स्थापना गरी देशभर फुटबल खेलको बिकास र बिस्तार गर्न जिल्ला संघहरू गठन गरी जिल्ला-जिल्लाहरूमा पनि फुटबल खेलको गतिबिधिहरूलाई अगाडी बढाउंदै आएकाछौ । हाल सम्म यस अखिल नेपाल फुटबल संघले नेपाल भर ४५ जिल्लाहरूमा जिल्ला फुटबल संघहरू स्थापना गरी फुटबल खेलको गतिबिधिहरू नेपाल भर संचालन गर्दै नेपालमा फुटबल खेलको लोकप्रियतालाई बृद्धि गर्दै फुटबल खेलको बिभिन्न कार्यक्रम तथा गतिबिधिहरू संचालन गर्दै आएको व्यहोरा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सहर्ष जानकारी गराउन चाहान्छु ।

यसै सन्दर्भमा, गत बर्ष २०७२ बैशाख १२ गतेका दिन देशमा गएको महाभुकम्पका कारणले देशको एक मात्र अन्तराष्ट्रिय मापदण्ड अनुरूपको त्रिपुरेश्वर स्थित दशरथ रंगशाला समेत क्षत्रिग्रस्त भै फुटबल खेल संचालन गर्न नसक्ने अवस्थामा रहेकोले फुटबल खेलको गतिबिधि समेत शुन्य अवस्थामा पुगेको कुरा स्मरण गराउन चाहान्छु । यसै कारणले गर्दा नेपालमा सर्वाधिक लोकप्रिय रहेको फुटबल खेल तथा नेपाली राष्ट्रिय फुटबल टिमले बिदेशी उत्कृष्ट टिमहरू संग नेपालमा खेल्न अवसर तथा नेपाली फुटबल खेल प्रेमीहरूलाई उच्चस्तरीय अन्तराष्ट्रिय फुटबल खेलहरू प्रदर्शन गर्ने अवसरबाट बंचित हुनु परेकोछ भने नेपालमा नै स्तरीय अन्तराष्ट्रिय खेलहरू आयोजना गर्ने अवसरहरू समेत गुमाउन पुगेको सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष बिनम्र जानकारी गराउंदछु ।

अन्तराष्ट्रिय स्तरको फुटबल प्रतियोगिता आयोजना तथा सहभागीतामा कमि आएको करणले नै फुटबल खेलको स्तरमा समेत असर परेको अवस्थामा पुग्दा पनि अखिल नेपाल फुटबलल संघले आफ्नो साधन र श्रोतलाई परिचालन गरी प्रतिकुल अवस्थामा पनि नेपाली राष्ट्रिय फुटबल टिमले सहभागी भै २०७२ सालमा बंगलादेशमा आयोजना भएको बंगबन्धु अन्तराष्ट्रिय फुटबल प्रतियोगिता, दक्षिण एशियाली खेलकुद र एशियाली फुटबल संघको आयोजनामा संचालन भएको ए.एफ.सी. सोलाडिरिटि कपमा समेत बिजयी हासिल गरी उत्कृष्ट खेल प्रदर्शन गरी नेपाली फुटबल खेललाई अधि बढाउंदै राष्ट्रको गौरव फुटबल खेलको माध्यमबाट अधि बढाउन सफल भएको थियौ । यसरी उत्कृष्ट प्रदर्सनका गर्न सफल भए पश्चात  एशियाली महादेशको महत्वपूर्ण प्रतियोगिता मध्य एक मानिएको **ए.एफ.सी. एशियन कप २०१९** को छनौट चरणमा सहभागी हुने अवसर नेपाली राष्ट्रिय फुटबल टिमले प्राप्त गरेको पनि सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष जानकारी गराउंदै नेपाली ईतिहासमा नै पहिलो पटक एशियाली महादेशको महत्वपूर्ण प्रतियोगितामा सहभागी हुन पाएकोमा हामी नेपाली फुटबल खेल प्रेमी तथा खेलाडीहरू ज्यादै गौरवान्वीत भएकाछौ । यस फुटबल प्रतियोगितामा एशियाली मुलुकका ठूला देशहरू संग नेपालले खेल्ने र खेल आयोजना गर्ने अवसर समेत पहिलो पटक नेपाललाई प्राप्त भएकोछ भने एशियाली  फुटबल महासंघले यहि २०१७ जनवरी २३ तारिखका दिन आवुधावीमा प्रतियोगिताको खेल तालिका सार्वजानिक गरीएको थियो । उक्त खेल तालिका अनुसार नेपाली राष्ट्रिय फुटबल टिमले जम्मा ६ खेलहरू होम एण्ड अवे प्रणाली अनुसार (३ खेल बिदेशमा र ३ खेल नेपालमा आयोजना गरी) खेल्नु पर्ने प्रावधान अनुरूप पहिलो खेल फिलिपिन्सको राष्ट्रिय टिम संग फिलिपिन्समा आगामी २०१७ को मार्च २८मा, अक्टोर १० मा ताजकिस्तानको राष्ट्रिय टिम संग र यमनको राष्ट्रिय टिम संग सन् २०१८ को मार्च २७ कतारमा गरी जम्मा ३ अवे खेलहरू र बांकी ३ होम खेलहरू सन् २०१७ को जुन १३मा नेपालमा यमन संग, सेप्टेम्बर ५ मा नेपालमा ताजकिस्तान संग र १४ नोभेम्बरमा फिलिपिन्स संग नेपालमा खेलहरू आयोजना गर्नु पर्ने कार्यक्रम रहेको समेत सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष अवगत गराउन चाहान्छु ।

साथै नेपालमा रहेका क्लबहरूको मेरूदण्डको रूपमा रहेको लीग खेल समेत खेल मैदानको अभाव भएको अवस्थामा अखिल नेपाल फुटबल संघले खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषदमा समय समयमा नेपालको एक मात्र रंगशालाको रूपमा रहेको दशरथ रंगशाला मर्मत सम्भार र निर्माणको कार्य गर्न अनुरोध गरी रहेता पनि मर्मत सम्भार तथा निर्माण कार्य ज्यादै सुस्त रूपमा भै रहेको हुंदा उल्लेखित प्रतिष्ठित अन्तराष्ट्रिय प्रतियोगिताका खेलहरू दशरथ रंगशालाको खेल मैदानमा आयोजना गर्न सम्माननीय प्रधानमन्त्रीज्यूबाट बिशेष पहल गरी अझ चाडै र समयमा मर्मत तथा निर्माण कार्य सम्पन्न गराई राष्ट्रको प्रतिष्ठा संग गासिएको प्रतियोगिता सफलता पूर्वक संचालन गर्न पाएमा हामी आयोजक तथा खेलप्रेमीहरू ज्यादै आभारी हुने व्यहोरा समेत सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष बिनम्र अनुरोध गर्दछौ ।

यसका साथै उल्लेखित एशियन कप २०१९को छनौट चरणको महत्वपूर्ण प्रतियोगितामा सहभागी तथा आयोजना समेत गर्न ज्यादैठूलो धनराशीको आवश्यकता हुने भएको तथा अखिल नेपाल फुटबल संघको मुख्य आयश्रोत भन्नु नै अन्तराष्ट्रिय प्रतियोगिताहरू आयोजना गरी उठेको गेट टिकटको रकम भएकोले पछिल्लो २२ महिना देखि कुनै पनि अन्तराष्ट्रिय स्तरको ठूला फुटबल प्रतियोगिताहरू आयोजना गर्न नपाएको कारणले गर्दा कुनै आम्दानीहरू समेत नभएको तथा संघ समेत आर्थिक रूपले कमजोर भएको कारणले प्रतियोगिताको ६ वटा खेल खेल्न र खेल खेल्ने क्रममा टिम तयारी तथा खेल्न जादां लाग्ने हवाई भाडाको खर्चहरू गरी करीब दुई करोड रूपैया खर्च लाग्ने भएकोले सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रतियोगितामा सहभागी हुन तथा टिम तयारी गर्न एवम आयोजना गर्न नेपाल सरकारबाट पनि आर्थिक सहयोगका निम्ति निर्देशन प्रदान भएमा नेपाली राष्ट्रिय फुटबल टिम तयारी गर्न ज्यादै ठूलो सहयोग पुग्ने कुरा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष बिनम्र अनुरोध गर्दछु ।

साथै बिगतमा पनि अखिल नेपाल फुटबल संघले एशियाली फुटबल महासंघको आयोजनामा ए.एफ.सी.च्यालेन्ज कप फुटबल प्रतियोगिता सफल आयोजना गरी नेपाल र नेपालीको प्रतिष्ठा उच्च पार्न सफल भएको थियो भने त्यस प्रतियोगितामा नेपाल सरकारबाट र सम्माननीय प्रधान मन्त्रीज्यूबो बिशेष पहलमा चीन सरकार संग सहयोग स्वरूप फ्लडलाईट (बत्ती) समेतको मर्मत गरी सांझ ( फ्लड लाईट)बत्तीमा फुटबल खेल संचालन गरीएको थियो । जुन नेपाली ईतिहासमा पहिलो पटक बत्तीमा फुटबल खेलहरू संचालन गरीएको हुंदा प्रतियोगिताको समेत महत्व बढेकोले आगामी **एशियन कप २०१९** को खेलहरूमा सहभागी तथा आयोजना गर्न देशको एक मात्र दशरथ रंगशाला मर्मत सम्भार तथा निर्माण कार्य छिटोछरीटो ढंगबाट सम्माननीय प्रधानमन्त्रीज्यूको बिशेष पहलमा अन्तराष्ट्रिय फुटबल प्रतियोगिता आयोजना गरी राष्ट्रको प्रतिष्ठा संग जोडिएको यस प्रतियोगिता संचालन गर्नमा हामी फुटबल खेल प्रेमी आयोजक तथा फुटबल खेलाडीहरूलाई हौसला अभिबृद्धि गरी पाउन पुनः एक पटक सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष बिनम्र अनुरोध गर्दछु ।

सम्माननीय प्रधानमन्त्रीज्युबाट पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

भवदीय

(**नरेन्द्र लाल श्रेष्ठ**)

अध्यक्ष

अखिल नेपाल फुटबल संघ